२०७९ सालको कार्यविधि नं. १४

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः १४ | मितिः२०७९।१२।३०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को तेश्रो संशोधन कार्यविधि, २०७९

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को तेश्रो संशोधन कार्यविधि, २०७९" रहेको छ ।

हेटौंडा राजपत्र

२. **दफा ३ मा उपदफा (४) थपः** दफा ३ को उपदफा (४) तीन बर्ष सम्म अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्र नवीकरण गरिनेछ । तीन वर्ष कटिसकेपछि चौथो वर्षबाट उक्त इजाजतपत्र नवीकरण गरिने छैन ।

३. **दफा ५(क) थपः** दफा ५(क) **इजाजतपत्रको नामसारी सम्बन्धी व्यवस्थाः** (१) कुनै इजाजतपत्रको किनबेच, इजाजतपत्रवालाको मृत्यु वा अन्य कारणले इजाजतपत्रको नामसारी गर्नुपरेमा घरेलु तथा साना उद्योग कार्यालयबाट नामसारी प्रमाणित भई आएको पत्र तथा शेयरधनी परिवर्तन गरिएको पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट नामसारी भई सम्बन्धित फर्मको नयाँ प्रोप्राइटरको फोटो टाँस भई आएको प्रमाणपत्र तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट शेयर लगत कट्टा सहितको शेयरवालाको दर्ता किताबको पानाको प्रतिलिपि, र सम्बन्धित स्थानीय तह/वडा कार्यालयको सिफारिस समेत संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ । यसरी निवेदन प्राप्त हुन आएमा एकाघर परिवारमा नामसारी हुँदा रु.२,०००।— र एकाघर परिवार बाहेक नामसारी हुँदा रु.५,०००।— दस्तुर लिई कार्यालयले नामसारी सहितको इजाजतपत्र प्रदान गर्नेछ । साथै इजाजतपत्र प्रदान गर्नु अगाडि प्राविधिक समितिले नामसारीको निर्णय गर्नुपर्नेछ ।

(२) कुनै इजाजतपत्रको नामसारी गर्दा नामसारी भई जाने फर्म/व्यक्तिको नाउँमा न्यूनतम १ थान ट्र्याक्टर वा ट्रिपर वा लिफ्ट सहितको मिक्सर मेसिन मध्ये एक उपकरण अनिवार्य हुनुपर्नेछ ।

४. **दफा ५(ख) थपः** दफा ५(क) **इजाजतपत्रको ठाउँसारी सम्बन्धी व्यवस्थाः** कुनै इजाजतपत्रको ठेगाना परिवर्तन भई ठाउँसारी गर्नुपरेमा घरेलु तथा साना उद्योग कार्यालयबाट साविकको ठेगाना तथा हाल कायम हुने ठेगाना उल्लेख गरिएको ठेगाना परिवर्तन गरिएको पत्र, आन्तरिक राजस्व कार्यालयबाट ठेगाना परिवर्तन गरिएको प्रमाण पत्र तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी अद्यावधिक तथा रजिष्टर कार्यालयको ठेगाना परिवर्तन सहितको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको अभिलेख गरिएको पत्र र सम्बन्धित स्थानीय तह/वडा कार्यालयको ठाउँसारीको लागि गरेको सिफारिस समेत संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ । यसरी निवेदन प्राप्त हुन आएमा रु.२,०००।— दस्तुर लिई कार्यालयले ठाउँसारी सहितको इजाजतपत्र प्रदान गर्नेछ ।

५. अनुसूची-२ मा संशोधनः

<u>अनुसूची-२</u>

कार्यविधिको दफा २ को उपदफा (१), दफा ३ को उपदफा (३)र (४) सँग सम्बन्धित

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|
| १ | "घ" | रु.५,०००।०० | (क) चालू आ.व.को असोज मसान्तसम्म रु.२,०००।००<br>(ख) चालू आ.व.को पौष मसान्तसम्म रु.३,०००।००<br>(ग) चालू आ.व.को आषाढ मसान्तसम्म रु.४,०००।००<br>(घ) दोश्रो वर्षमा नवीकरण गरेमा पहिलो वर्षमा लाग्ने दस्तुरमा थप रु.५,०००।००<br>(ङ) तेश्रो वर्षमा नवीकरण गरेमा पहिलो वर्षमा लाग्ने दस्तुरमा थप रु.१०,०००।०० | रु.१,०००।०० |

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र